विपद्को समयमा तत्काल उपलब्ध गराउने गरी तयारी अवस्थामा खाद्यसामाग्री (Food item) व्यवस्थापन गर्ने सम्वन्धी सम्झौता (Stand By Agreement)

---

जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला प्रशासन कार्यालय रसुवा *(यस पछि पहिलो पक्ष भनिएको)* र रसुवा किराना पसल स्टोर्स *(यस पछि दोस्रो पक्ष भनिएको)* का बीच **२०७६ साल बैशाख १ गतेदेखि २०७६ साल चैत्र मसान्त मसान्तसम्म** १(एक) वर्षका लागि देहायका शर्तहरुका अधिनमा रहि विपद्को समयमा तत्काल उपलब्ध गराउने गरी तयारी अवस्थामा खाद्यसामाग्री (***Food item***) व्यवस्थापन गर्ने यो सम्झौता (***Stand By Agreement***) गरिएको छ।

---

**क. पहिलो पक्षसँग सम्बन्धित शर्तहरु:**

१. सम्झौता भएको मितिले १(एक हप्ता) भित्र दोस्रो पक्षको वैक खातामा रु १,००,०००।(अक्षेरुपी रु एक लाख मात्र) जम्मा गर्ने।

२. दोस्रो पक्षले भण्डारण गरेको खाद्य सामाग्रीहरु नियमित रुपमा अनुगमन गर्ने।

३. सम्झौता अनुसारको खाद्य सामाग्रीहरुको गुणस्तर,भण्डारण तथा उपलव्धता सन्तोषजनक नभएमा जुनसुकै समयमा सम्झौता रद्ध गर्न सक्ने।

४. खाद्य सामाग्रीहरुलाइ विपद् स्थल सम्म ढुवानी गर्ने व्यवस्था मिलाउने।

५. सम्झौता अवधि समाप्त हुनु १(एक) महिना अगावै उक्त अवधि सम्ममा मौज्दात रहेको रकममा दोस्रो पक्षबाट १० (दश) प्रतिशत थप गर्न लगाइ हुन आउने कुल रकमका आधारमा पुन: सम्झौता नविकरण गर्ने वा दोस्रो पक्षबाट भएको सेवा सन्तोषजनक नभएमा सम्झौता रद्ध हुनेछ र सो वरावरको रकम दोस्रो पक्षबाट लिइ नियमानुसार अर्को व्यावसायीसंग सम्झौता गर्ने।

**ख. दोस्रो पक्षसँग सम्बन्धित शर्तहरु:**

1. निम्न दर तथा परिमाणमा खाद्य सामाग्रीहरु पहिलो पक्षको अनुरोधमा जुनसुकै वखत उपलव्ध गराउन तयारी अवस्थामा राख्ने। सम्झौता अवधिभर सामाग्रीको दर रेट हेरफेर हुनेछैन।

| सि.न. | सामाग्री | जम्मा परिमाण | दर रेट | जम्मा लागत |
|---|---|---|---|---|
| १ | **चिउरा** (तराइ ताइचिन) | ७०० KG | ७० प्रति KG | ४९०००। |
| २ | **तयारी चाउचाउ** *(प्रति प्याकेट ८० ग्राम)* | १४०० प्याकेट | १७ प्रति प्याकेट | २३८००। |
| ३ | **विस्कुट** *(प्रति प्याकेट ५० ग्राम)* | १४०० प्याकेट | ०८ प्रति प्याकेट | ११२००। |
| ४ | **दालमोठ** *(प्रति प्याकेट ८०० ग्राम)* | १६० प्याकेट | १०० प्रति प्याकेट | १६०००। |
| कुल जम्मा : ***अक्षेरुपी रु एक लाख मात्र*** | | | | १,००,०००। |

२. पहिलो पक्षबाट प्राप्त स्वीकृत Order Slip का आधारमा मात्र सामाग्री उपलब्ध गराउने र सोही अनुसार खर्च भएको सामाग्री र रकमको जानकारी त्रैमासिक रुपमा पहिलो पक्षलाइ लिखित रुपमा गराउने।

३. पहिलो पक्षबाट स्वीकृत Order Slip प्राप्त भएको ढिलोमा १(एक) घण्टा भित्र माग भएअनुसारको सामाग्री उपलब्ध गराउने।

४. सम्झौतामा उल्लेख भएअनुसारका सामाग्रीहरु गुणस्तरीय,सुरक्षित भण्डारण गरिएको र उपभोग्य अवधि भएको हुनुपर्ने।

५. सम्झौता अवधिसम्ममा मौज्दात रहेको रकमको १० (दश) प्रतिशत रकम पहिलो पक्षबाट प्राप्त भएको मौज्दात रकममा थप गरी सोही अनुसार सम्झौता नविकरण हुन सक्नेछ। पहिलो पक्षको शर्तहरु पुरा नभएको अवस्थामा मौज्दात रकममा १० प्रतिशत थप गरी कायम हुने कुल रकम पहिलो पक्षलाइ उपलब्ध गराउनु पर्नेछ।

६. पहिलो पक्षसंग भएको सम्झौता अनुसारका खाद्य सामाग्रीहरु उपलब्ध गराउन नसक्ने भएमा कुन मितिदेखि उपलब्ध गराउन नसक्ने हो सो मिति भन्दा कम्तिमा १(एक) महिना अगावै पहिलो पक्षलाइ लिखित रुपमा जानकारी गराउनु पर्नेछ। सो जानकारी नदिइ पहिलो पक्षले अनुरोध गरेको समयमा सामाग्री उपलब्ध गराउन नसकेमा मौज्दात रकम र १० प्रतिशत थप गरी हुन आउने कुल रकमको १० (दश) प्रतिशत रकम जरिवाना स्वरुप एकमुष्ट पहिलो पक्षलाइ अनिवार्य वुझाउनु पर्नेछ। यस्तो अवस्थामा सम्झौता स्वत: रद्ब भएको मानिनेछ।

**सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षको छलफल र सहमतिका आधारमा शंसोधन गर्न सकिनेछ। माथि उल्लेखित शर्तहरु वाहेक अन्य कुनै पनि विषयमा द्विविधा वा मतभेद भएमा पहिलो पक्षले गरेको निर्णय दोस्रो पक्षलाई मान्य हुनेछ।**

**पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने**

दस्तखतः– ..............................

नाम,थरः– **कृष्ण पौडेल**

पदः– प्रमुख जिल्ला अधिकारी एवम् अध्यक्ष विपद् व्यवस्थापन समिति रसुवा

नेपाल सरकार ... जिल्ला ... रसुवा

**दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने**

दस्तखतः– ..............................

नाम,थरः– डुक दोर्ज तामाङ
रसुवा किराना पसल स्टोर्स

ठेगानाः– धुन्चे, रसुवा

सम्पर्क : ९८४१८८८६९७

**रोहवर**

| | |
|---|---|
| १. कुलप्रसाद भट्ट | प्रमुख, जिल्ला समन्वय समिति,रसुवा |
| उपेन्द्र लम्साल | अध्यक्ष, उत्तरगया गाउँपालिका |
| २. सन्तोष तामाङ | प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय रसुवा |
| ३. बावुलाल तामाङ | सभापति, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रसुवा /अध्यक्ष नागरिक समाज, रसुवा। |
| ४. देवर्षि सापकोटा | सहायक प्रमुख जिल्ला अधिकारी, रसुवा |
| ५. दावासिदर वाइवा | वडाध्यक्ष, गोसाइकुण्ड गा.पा. वडा न ६,धुन्चे |
| ६. सञ्जिव अमात्य | नेपाल च्याम्वर अफ कमर्श, रसुवा जिल्ला शाखा |

*ईति सम्बत २०७५ साल चैत्र २५ गते रोज ०२ शुभम्.................................................. ।*